भूमे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

खाबाङ बगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

भूमे गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय खाबाङबगर, रुकुम (पूर्व) लुम्बिनी प्रदेश, नेपाल २०७३

प.सं. :-२०७८/७९
च.नं.:- ४७१

मिति :- २०७८/०९/१३

विषय :-'सूचना टाँस गरी जानकारी गराउने सम्बन्धमा ।

श्री वडा कार्यालय सबै
भूमे गाउँपालिका, रुकुम (पूर्व) ।

प्रस्तुत विषयमा एकिकृत कृषि तथा पशुपन्छी विकास कार्यालय, रुकुमकोट, रुकुम (पूर्व)को प.सं. २०७८/७९, च.नं. २०५ र मिति २०७८/०९/१२ को प्राप्त पत्र साथ ***प्रस्ताव आह्वानको सूचना*** थान दुई (२) त्यहाँ वडा कार्यालिको सुचना पाटीमा टाँस गरी वडाबासी *कृषि फार्म/कृषक समूह/कृषि सहकारी संस्था लिमिटेड/कृषि उद्यमी/कम्पनी/उपभोक्ता समितिहरु*लाई जानकारी गराई सो को जानकारी पठाउनुहुन अनुरोध छ । साथै उक्त ***प्रस्ताव आव्हानको सूचना*** थान २ (दूई) यसै पत्रसाथ संलग्न गरी पठाईएको छ ।

.................................
(विशाल पुन मगर)
ना.प्रा.स. (कृषि सेवा केन्द्र)

लुम्बिनी प्रदेश
कृषि, खाद्य प्रविधि तथा भूमि व्यवस्था मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालय
रुकुमकोट, रुकुम पूर्व

फोन नं.०८८-४१३१७१
ईमेल: ialdo.rukumeast@gmail.com
Website:ialdorukumeast.p5.gov.np

पत्र संख्या: २०७८।०७९
चलानी नं.:

# प्रस्ताव आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मिति:२०७८।०९।१२**

यस कार्यालयको आर्थिक वर्ष २०७८/७९ को स्वीकृत बार्षिक कार्यक्रम अन्तर्गत तपशिल बमोजिमका कृषि तर्फका कार्यक्रमहरु संचालन गर्नुपर्ने भएकोले "कृषि तथा पशुपन्छी विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७८" बमोजिमका शर्तहरु पालना गरी लागत साझेदारिमा कार्यक्रम कार्यान्वयन गर्न इच्छुक सहकारी संस्था/कृषक समुह/कृषि फर्म/ कृषि उद्यमी/ कम्पनी र उपभोक्ता समितिहरुलाई सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र (मिति २०७८।०९।२६गते भित्र) यस कार्यालयमा तपशिलको विवरण सहित प्रस्ताव दर्ता गर्नु हुन यो सूचना प्रकाशन गरिएको छ।

**तपसिल:**

| क्र. सं | कार्यक्रमको नाम | लक्ष्य परिमाण | संचालन गर्न सकिने/अनुदान उपलब्ध गराउने कृयाकलाप | न्यूनतम मापदण्ड | अनुदानको सिमा | संलग्न गर्नुपर्ने आवश्यक कागजात |
|---|---|---|---|---|---|---|
| १ | फलफूल बगैचा सुदृढीकरण कार्यक्रम | पटक १ | १. बगैंचाको काटछाँटको लागि सिकेचर, आरि, विडर, स्प्रेयर लगायतका औजारहरु खरिद। २. सिंचाइ सामाग्री तथा उपकरण खरिद, फ्रुट फ्लाईको लागि ट्र्याप, ढुसिनासक, किटनासक जैविक विषादी खरिद आदी | कम्तीमा ०.५ हेक्टर बगैंचा सुदृढीकरण गरी नमुना बगैंचा बनाउनु पर्ने। | कूल लागतमा ५०% वा प्रति कार्यक्रमको लगि अधिकतम रु. ५० हजार अनुदान | कृषि तथा पशुपन्छी विकास कार्यक्रम सञ्चालन कार्यविधि २०७८ को अनुसूची ३५ बमोजिमको कागजातहरु। |
| २ | वीउ प्रशोधन, प्याकेजिङ्ग, लेवलिङ्ग सामाग्री तथा उपकरणमा सहयोग | पटक १ | १. कृषि उपजको उत्पादन बिक्रि वितरणमा संलग्न भएको हुनुपर्ने। २. प्रदेश विशेषका बाली वस्तुमा (खाद्यन्न, दलहन र तेलहन बाहेक) प्राथमिकता दिने। | १. कृषि उपजको प्रशोधन, ग्रेडिङ्ग, प्याकेजिङ्ग तथा लेवलिङ्ग सामाग्री तथा मेशिनरीहरु | कुल लागतको ५०% वा बढिमा रु. १० लाख मध्ये जुन कम हुन आउँछ सो रकम अनुदान प्रदान गरिने। | |
| ३ | सेमी हाईटेक नर्सरी पूर्वाधार निर्माण तथा व्यवस्थापन कार्यक्रम | संख्या १ वटा | नर्सरी संरचना निर्माणका लागी धातुका फ्रेम, तार, प्लाष्टिक सहित आवश्यक सामाग्री खरिद तथा निर्माण, नर्सरीका सहायक प्रणालीहरु: फोगर, फ्यान, र कुलिङ्ग प्याड प्रणाली, स्प्रिङ्कल, ड्रिप, स्क्रीन नेट, रोलअप, मल्चिङ र पोलि ब्याग आदी। | नर्सरी उत्पादन उद्देश्य सहित सम्बन्धित निकायमा दर्ता भएको सामुहिक, निजि नर्सरी, उद्यमी, समुह, सहकारी हुनु पर्ने फलफूल तरकारी पुष्प आदिको गुणस्तरिय बिरुवा उत्पादन तथा वितरण गर्नु पर्ने। सिजनल तथा वार्षिक बिरुवा उत्पादन तथा विक्रि वितरण गर्नुपर्ने | प्राविधिक इष्टमेट, डिजाईन तथा स्पेसिफिकेसन अनुसार कूल लागतको ७५% वा अधिकतम रु. १५ लाखमा जुन कम हुन आउछ सोही रकम। | |
| ४ | साना कृषि मेसिनरी औजार उपकरण वितरण | पटक १ | साना कृषि मेसिनरी औजार उपकरणहरु वितरण गर्ने। | १. सम्बन्धित निकायमा दर्ता भएको कृषि उद्यमी, कृषक समुह, समुह सदस्य, कृषि सहकारी हुनु पर्ने। २. साना कृषि मेसिनरी औजार उपकरण अन्तर्गत रु.५० हजार देखी २ लाख मुल्य बराबरको कृषि औजार उपकरणहरु। | १. साना कृषि मेसिनरी औजार उपकरणमा ५०% वा बढिमा रु. १ लाख सम्म अनुदान दिने। | |

पिताम्बर बस्नेत
प्रमुख (अधिकृतस्तर आठौं)

लुम्बिनी प्रदेश
कृषि, खाद्य प्रविधि तथा भूमि व्यवस्था मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालय
रुकुमकोट, रुकुम पूर्व

फोन नं.०८८-४१३१७१
ईमेल: ialdo.rukumeast@gmail.com
Website:ialdorukumeast.p5.gov.np

पत्र संख्या: २०७८।०७९
चलानी नं.:

| क्र. सं | कार्यक्रमको नाम | लक्ष्य परिमाण | संचालन गर्न सकिने/अनुदान उपलब्ध गराउने कृयाकलाप | न्यूनतम मापदण्ड | अनुदानको सिमा | संलग्न गर्नुपर्ने आवश्यक कागजात |
|---|---|---|---|---|---|---|
| ५ | व्यावसायिक ओखर पकेट क्षेत्र विस्तार कार्यक्रम | ५ हेक्टर | १. सिंचाई पूर्वाधार (प्लाष्टिक पोखरी, ड्रिप सेट, पाईप, पानी तान्ने पम्प आदी)<br>२. उत्पादन सामाग्री (विरुवा, शुक्ष्म तत्व तथा उपकरण र यान्त्रीकरणहरु) | कम्तीमा ०.५ हेक्टर बगैंचा सुदृढीकरण गरी नमुना बगैंचा बनाउनु पर्ने। | १. विरुवामा ७५% सिंचाई पूर्वाधारमा ८५% र अन्य उत्पादन सामाग्री तथा उपकरणमा ५०% अनुदान<br>२. प्रति आयोजना अधिकतम रु. ४ लाख सम्म अनुदान। | कृषि तथा पशुपन्छी विकास कार्यक्रम सञ्चालन कार्यविधि २०७८ को अनुसूची ३५ बमोजिमको कागजातहरु। |
| ६ | व्यावसायिक स्याउ पकेट क्षेत्र विस्तार कार्यक्रम | ५ हेक्टर | १. सिंचाई पूर्वाधार (प्लाष्टिक पोखरी, ड्रिप सेट, पाईप, पानी तान्ने पम्प आदी)<br>२. उत्पादन सामाग्री (विरुवा, शुक्ष्म तत्व तथा उपकरण र यान्त्रीकरणहरु (स्प्रेयर, करौंती र सिकेचर आदी) | १. आधुनिक प्रविधि सहितको नमुना बगैंचा स्थापना हुनु पर्ने।<br>२. न्यूनतम १० रो. क्षेत्रफलमा बगैंचा स्थापना भएको हुनुपर्ने।<br>३. पकेट न्यूनतम १ हे. क्षेत्रफल भएको हुनु पर्ने। | १. विरुवामा ७५% सिंचाई पूर्वाधारमा ८५% र अन्य उत्पादन सामाग्री तथा उपकरणमा ५०% अनुदान<br>२. प्रति आयोजना अधिकतम रु.४ लाख सम्म अनुदान। | |
| ७ | प्राङ्गारिक मल उद्योग स्थापना | संख्या ३ वटा | १. टहरो निर्माण र मल प्रशोधन मेसिनरी र अन्य उपकरणहरु<br>२. मल उत्पादनको लागि कच्चा पदार्थ काठको धुलो Bone Meal, Waste Decomposer लगायत अन्य। | १. सम्बन्धित निकायमा दर्ता भएको फर्म/कृषक समुह/कृषि सहकारी/संस्था/कम्पनी हुनु पर्ने र उक्त फर्म/कृषक समुह/कृषि सहकारी/संस्था/कम्पनीको प्राङ्गारिक मल उद्योग स्थापना तथा संचालन गर्ने उद्देश्य रहेको हुनुपर्ने। | १. पूर्वाधार (टहरो निर्मामा) मा ७५% मेशिनरी उपकरण तथा कच्चा पदार्थमा ५०% अनुदान<br>२. कूल लागतको अधिकतम ६०% पूर्वाधार निर्माणमा लगानी गर्नु पर्ने<br>३. प्रति उद्योग अधिकतम रु.१५ लाख सम्म अनुदान। | |
| ८ | हिउँदे फलफूल विरुवा वितरण | पटक १ | हिउँदे फलफूलका विभिन्न जातका उन्नत विरुवा वितरण | १. उन्नत जातको फलफूल विरुवा मार्फत फलफूलको क्षेत्र विस्तार वा नयाँ बगैंचा स्थापना गरेको हुनुपर्ने।<br>२. सामुहिक वा एकल रुपमा एउटै चक्लाबन्दीमा बगैंचा स्थापना गर्नेलाई प्राथमिकता दिईने। | १. फलफूल विरुवाको जिल्ला दर रेट/प्रचलित दर रेट/सरकारी मुल्यमा अधिकतम ७५% अनुदान दिईने। | |

पुनश्च: माथि उल्लेखित कार्यविधिहरु, सूचना तथा आवेदनका नमुना फर्मेटहरु कार्यालयको वेवसाइट www.ialdorukumeast.p5.gov.np तथा कार्यविधिहरुको साथै अन्य ऐन नियमहरु कृषि, खाद्य प्रविधि तथा भूमी व्यवस्था मन्त्रालयको वेबसाइट molmac.lumbini.gov.np बाट डाउनलोड गरी हेर्न सकिनेछ। थप जानकारीको लागी यस कार्यालयको सम्पर्क नं ०८८-४१३१७१मा सम्पर्क गर्न सकिने छ ।

पिताम्बर बस्नेत
प्रमुख (अधिकृतस्तर आठौं)